# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी

५ नं. प्रदेश, नेपाल


### साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना ।
### प्रथम पटक प्रकाशित मिति २०७६।०५।१६ गते

धुर्कोट गाउँपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमुलक उद्धमशील र मर्यादित कृषि व्यवसायको विकास गर्नका लागि बाख्रा विकास परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुवाट यो सुचना प्रकाशित भएको मितिले ३० दिनभित्र तपशिल बमोजिमका कागजातहरु सहित प्रस्तावपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**प्रस्तावना पेश गर्नका लागि तपशिलमा उल्लेखित क्षेत्रहरुमा कार्य अनुभव भएको हुनुपर्ने छ :**

१. संस्था स्थापना भई कम्तिमा २ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव हुनु पर्नेछ ।
२. स्वावलम्बन समुह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धि काम गरेको हुनुपर्ने छ ।
३. सामुदायिक विकास,जिविकोपार्जन,महिला सशक्तीकरणको क्षेत्रमा काम गरेको हुनुपर्ने छ ।
४. कृषि तथा पशुको उत्पादन,उत्पादकत्व तथा मुल्य श्रृङ्खलाको क्षेत्रमा काम गरेको हुनु पर्ने छ ।
५. समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशुवस्तु उत्पादनको लागि आवस्यक सेवा तथ बजारिकरण प्रवर्द्धनमा काम गरेको हुनुपर्ने छ ।
६. कृषि र पशु विकासका लागि आवस्यक दक्ष जनशक्ति भएको हुनु पर्ने छ ।
७. कृषक पाठशाला र समुदायमा आधारित नश्ल सुधार सम्बन्धि काम गरेको हुनु पर्ने छ ।
८. कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तीका,प्रसार सामाग्री,वृतचित्र निर्माण तथा विकासमा काम गरेको हुनु पर्ने छ ।
९. कृषि र पशु विकास सम्बन्धि संम्भाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मुल्याङ्कन सम्बन्धि काम गरेको हुनु पर्ने छ ।
१०. नेपाल सरकारको विभिन्न निकायहरुसंग साझेदारी गरी काम गरेको अनुभव भएको हुनु पर्ने छ ।

**लागत साझेदारी र प्राथमिकता**

कार्यक्रम सञ्चालन गर्न ईच्छुक संस्थाले परियोजना संग सम्बन्धित सञ्चालन खर्च जस्तै कर्मचारी तलव, भत्ता सुविधा, कार्यलय सञ्चान र व्यवस्थापन, आदी आफैले व्यवस्थापन गर्नु पर्ने छ । संयुक्त उपक्रममा (Joint Venture) प्रश्तावना पेश गर्ने संस्थाहरुलाई प्राथमिकता दिईने छ । संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

**प्रस्तावपत्रका साथ संलग्न गनुपर्ने कागजातहरु**

१. आधिकारीक निकायमा संस्था दर्ता,नविकरण प्रमाण-पत्रको प्रतिलिपी १ प्रति
२. आ.व. २०७५/०७६ को लेखापरिक्षणको प्रतिवेदन सहित दुई बर्षको लेखापरिक्षण प्रतिवेदन १/१ प्रति ।
३. स्थायी लेखा नम्वर तथा आ.व. ०७५/०७६ को कर चुक्ताको प्रमाण-पत्र १/१ प्रति
४. परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना धुर्कोट गाउँपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७६ को अनुसुची-१ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति परियोजनाको प्राविधीक प्रस्तावना र आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेवसाईट (www.dhurkotmun.gov.np) बाट डाउनलोड गर्न सकिने छ ।
५. संयुक्त उपक्रममा प्रस्तावपत्र पेश गर्ने संस्थाहरु बिचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।
६. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति ।

**थप जानकारीको लागि सम्पर्क नं. ९८५७०६७९१७, ९८५७०२३३४४**

नि. प्रमुख प्रशासकीय अधिकृत


e-mail: dhurkotmun@gmail.com
website: www.dhurkotmun.gov.np

धुर्कोट गाँउपालिका साझेदारी कार्यक्रम सञ्चालनको लागि प्रस्तावनाको ढाँचा

## भाग १ प्राविधिक प्रस्तावना

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्‌देश्य

५. आशातीत उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाको कृयाकलापहरु

८. परियोजना व्यवस्थापन

- परियोजनाको व्यवस्थापन संरचना
  - संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण, कानूनी दस्तावेजहरु)

    प्रमुख निवेदक र सहायक निवेदक (नाम) र जिम्मेवारी बाँडफाँड (अख्तियारी, दुवै पक्षको हस्ताक्षर सहित अनुसूचीमा राख्ने)

- परियोजनाको व्यवस्थापन संरचनाको चित्र

- मानवीय संसाधन परिचालन
- परियोजनाको समयावधी

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्याङ्कन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना

१३. परियोजना हस्तान्तरण

१४. बजेट

(भाषामा कूल परियोजनाको लागतमा संस्थाको लगानी प्रतिशतमा विवरण लेख्ने, तर रकमका अंकहरु आर्थिक प्रस्तावनामा मात्र उल्लेख गर्ने)

---

## भाग २ आर्थिक प्रस्तावना

---

१. परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा; कार्यालय सञ्चालन र व्यवस्थापन; सम्पत्ती खरिद; मसलन्द, आदि)

२. परियोजना कृयाकलाप कार्यान्वयन खर्च

३. अन्य

## भाग ३ प्रस्तावपत्रको अनुसूची

- संस्थागत विवरण
- संस्थाको पृष्ठभूमि
- संस्थाको बिषयगत क्षेत्रमा अनुभव
- विगत ३ वर्षमा संस्थाले सहकार्य गरेका दात्री निकायहरु
- संस्था दर्ता, नवीकरण प्रमाण-पत्रको प्रतिलिपी
- आ.व. २०७५/७६ को लेखापरीक्षणको प्रतिवेदन सहित दुई वर्षको लेखापरीक्षण प्रतिवेदन
- स्थायी लेखा नम्बर र आ.व. २०७५/७६ को कर चुक्ताको प्रमाण-पत्र

# प्रस्तावना मूल्याङ्कनको मापदण्ड

## संस्थागत क्षमता

- संस्थाको सम्बन्धीत बिषयगत क्षेत्रमा अनुभव
- कम्तीमा २ वर्षको परियोजना कार्यान्वयनको अनुभव
- नेपाल सरकारको बिभिन्न निकायहरुसंग साझेदारी कार्यमा अनुभव

## प्राविधिक प्रस्तावना

- संयुक्त उपक्रममा प्रस्तावना पेश गर्ने प्रमुख र साझेदार संस्था बीचको सहमति पत्र
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्तिको विवरण
- प्रस्तावित परियोजना कार्यान्वयन विधि र व्यवस्थापन
- परियोजनाको निरन्तरता र दिगोपना

## वित्तिय प्रस्तावना

- कम्तीमा २५ प्रतिशत नगद रकम लगानीको प्रतिवद्धता
- संस्थाको विगत २ वर्षको आर्थिक कारोवार
- परियोजनाको लागत र प्रभावकारिता

## सन्दर्भ शर्तहरु

- गाउपालिकाले र संस्थाले संयुक्तरुपमा कार्यक्षेत्र र घरधुरी छनौट गर्नुपर्ने छ।
- प्रस्तावित लाभान्वित २५० घरधुरीहरुलाई स्वालम्वन समूह गठन, क्षमता अभिवृद्धि, व्यवस्थित पशुपालन, व्यवसायिक कृषि तथा अन्य आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ।
- स्वावलम्वन समूह र सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण, सामुदायिक विकास, महिला सशक्तीकरण र जिविकोपार्जनका लागि काम गर्नु पर्नेछ।
- बाख्रा, दुध, तरकारी र लोकल कुखुराको उत्पादन र उत्पादकत्व वृद्धिमा प्राथमिकता दिई काम गर्नु पर्नेछ।
- पशु आहार, खोर गोठ सुधार, नश्ल सुधार, पशु स्वास्थ्य, पशु विमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।
- बाख्रा, लोकल कुखुरा तथा गाई भैंसीपालनको लागि आवश्यक प्राविधिक तालिम तथा प्राविधिक सेवा प्रवर्धन गर्नु पर्नेछ।
- घाँस र तरकारीको नर्सरी स्थापना साथै प्रत्येक घरमा आवश्यकता अनुसार घाँस खेतीको विकास गर्नु पर्नेछ।
- परियोजनाबाट लक्षित समुदायमा प्रदान गरिने पशुवस्तु, कोष, ज्ञान र सिपको निरन्तरता र दिगोपनाको ढाँचा उल्लेख गर्नु पर्नेछ।
- स्वावलम्वन समूहहरुको सहभागितामा सहकारी संस्थाको गठन गरी कृषि तथा पशुजन्य उत्पादनका लागि आवश्यक सेवा (उत्पादन सामाग्री, प्राविधिक, विमा, वित्तिय सेवा) र वजारीकरण गर्नका लागि संस्थागत विकास गर्नु पर्नेछ।
- कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक तथा अन्य सहयोगको लागि सरोकारवालाहरुसँग समन्वय गर्नु पर्नेछ।